आज मिति २०८१/०७/२७ गते अपरान्ह ४:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री नरेन्द्र बहादुर खाती | प्र.प्र.अ/ सचिव | |

**निर्णय नं.१**

यस धनगढी उप-महानगरपालिकाको नगर प्रहरीले विभिन्न कार्यक्रममा विगुल बाजा बजाउने व्यवस्था गरेको विषय र उप-महानगरपालिकाले सञ्चालन गरेको सरसफाई तथा वृक्षरोपण कार्यक्रम लगायत यस उप-महानगरपालिका अन्तर्गत रहेका तालतलैयाहरु, खोलानालाहरु व्यवस्थापन गर्ने र शनिवारीय महिला उद्यम बजार सञ्चालन गर्ने सम्बन्धमा सम्बन्धित महाशाखा, शाखाहरुबाट आजको बैठकमा गरिएको प्रस्तुतीकरणबाट जानकारी प्राप्त भयो। उक्त जानकारी अनुसार कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यहरु कार्यालय मार्फत अघि बढाउने निर्णय गरियो।

**निर्णय नं.२**

आर्थिक वर्ष २०८१।०८२ मा यस उपमहानगरपालिका क्षेत्रभित्रका सडकहरु मर्मत सम्भारका लागि सडक बोर्ड नेपालबाट रु. १,२०,००,०००।– (अक्षेरुपी एक करोड बीस लाख) प्राप्त हुन आएकोले उक्त रकममा उपमहानगरपालिकाको तर्फबाट जोडकोष (Matching) स्वरूप ३० प्रतिशत रकम थप गरेर कूल बजेट कायम गरी उक्त बजेटबाट वडा कार्यालयहरुबाट माग भै आएका सडकहरुको अध्ययन प्रतिवेदन अनुसार वार्षिक सडक मर्मत योजना (ANNUAL ROAD MAINTENANCE PLAN ) तयार गरी प्राविधिक रुपमा पहिलो प्राथमिकतामा परेका तत्काल मर्मत गर्नु पर्ने सडकहरुको वार्षिक कार्यक्रम तयार गरी सडक बोर्ड नेपालमा सहमतिका लागि पठाईसकिएको हुँदा वार्षिक सडक मर्मत योजना बमोजिम तपसिलका सडकहरुको मर्मत सम्भार गर्न पठाईएको निर्णय अनुमोदन गरी सडक मर्मत कार्य गर्ने, गराउने निर्णय गरियो।

**तपसिल :**

| क्रम संख्या | सडकको नाम : | जम्मा लम्बाई (कि.मि.) | सडकको चौडाई ( मिटर ) | मर्मत गर्नु पर्ने लम्बाई (कि.मि.) | लागत | सडक बोर्ड नेपालले व्यहोर्ने | उपमहानगरपालिका |
|---|---|---|---|---|---|---|---|
| १ | धनगढी उपमहानगरपालिका वडा नं. १० जनकल्याण मार्ग (C044), पशुपति मार्ग आवधिक मर्मत गर्ने काम | ३.१६ | १४ र ६ | ०.७९ | १४६९१०३.४९ | १०२८३७२.४४ | ४४०७३१.०५ |
| २ | धनगढी उपमहानगरपालिका वडा नं.१७ पथरी बेहड़ा बाबा सडक (B018) र पथरी गाउँ भित्रका शाखा सडक (C054) आवधिक मर्मत गर्ने काम | २.५४ | २२ र ६ | २.४५ | ५४९५३२२.६७ | ३४६३४०६.४१ | २०३१९१६.२६ |
| ३ | धनगढी उपमहानगरपालिका वडा नं.१ फाया मार्ग (O008 ), परिश्रम मार्ग ( O072 ) बुध्द मार्ग (O013 ) आवधिक मर्मत गर्ने काम | ०.८२ | ६. | ०.७९ | १७९१७८३.०८ | १२५४२४८.१५ | ५३७५३४.९२ |
| ४ | धनगढी उपमहानगरपालिका वडा नं.६ बर पिपल मार्ग (0525), होलिका मार्ग र रिंग रोड आवधिक मर्मत गर्ने काम | २.५९ | ६ र ३० | १.६५ | ४६१८६६४.४५ | ३२३३०६५.१२ | १३८५५९९.३४ |
| ५ | धनगढी उप-महानगरपालिका वडा नं.७ देवरिया सडक (O635) र थारु छात्रवास | १.२४ | १० र ६ | १.२ | २२६१४९५.२ | १५८३०४६.६४ | ६७८४४८.५६ |

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

| क्रम संख्या | सडकको नाम : | जम्मा लम्बाई (कि.मि.) | सडकको चौडाई (मिटर) | मर्मत गर्नु पर्ने लम्बाई (कि.मि.) | लागत | सडक बोर्ड नेपालले व्यहोर्ने | उपमहानगरपालिका |
|---|---|---|---|---|---|---|---|
| | सडक (O624) आवधिक मर्मत गर्ने काम | | | | | | |
| ६ | धनगढी उप-महानगरपालिका वडा नं.२ जागृति मार्ग (D044) आवधिक मर्मत गर्ने काम | ०.६२ | १०. | ०.६१ | २०५४०८७.५५ | १४३७८६१.२८ | ६१६२२६.२६ |
| जम्मा | | १०.९६ | | ७.४९ | १७६९०४५६.४ | १२०००००.० | ५६९०४५६.४ |

## निर्णय नं.३

यस धनगढी उपमहानगरपालिकाको विभिन्न वडाहरुमा आगामी दिनमा सडक बोर्ड नेपालको कार्यक्रम अन्तर्गत सञ्चालन हुने गरी योजना पठाउनु परेमा तपसिल बमोजिमका योजनाहरु सडक बोर्ड नेपालमा माग गरी पठाउने निर्णय गरियो।

**तपसिल**

१. धनगढी उप-महानगरपालिका वडा नं.१२ जोशी मार्ग (C074) जनकल्याण स्कुल देखी ए गाउँ र कालिका मार्ग (O 850) आवधिक मर्मत गर्ने काम ॥

२. धनगढी उप-महानगरपालिका वडा नं.८ तौला मार्ग (0754), भगत मार्ग (0758), नसिया मार्ग (0756), सत्कार मार्ग (0680) र भद्रपुर मार्ग (D051) आवधिक मर्मत गर्ने काम।

३. धनगढी उप-महानगरपालिका वडा नं.५ पोल्ट्री मार्ग (O468), गौरा मार्ग (O470), गौरा मार्ग-२ (O471) र आवास (D0 26) मार्ग आवधिक मर्मत गर्ने काम।

४. धनगढी उप-महानगरपालिका वडा नं.१६ मोरी बंगरा तिलकपुर सडक (B017)आवधिक मर्मत गर्ने काम।

५. धनगढी उप-महानगरपालिका वडा नं.१३ दुर्गा मार्ग (O976), बोराडाडी कैलालीगाउँ सडक (O934)भगवती नमुना टोल (C001) मार्ग आवधिक मर्मत गर्ने काम।

६. धनगढी उप-महानगरपालिका वडा नं.५ र ६ यातायात मार्ग (C025) आवधिक मर्मत गर्ने काम।

## निर्णय नं.४

यस धनगढी उपमहानगरपालिकाको PLGSP कार्यक्रमबाट निर्माण गरिएको वेबसाईट समस्याहरु आइरहेकाले सेवाग्राहीमाझ सेवा तथा सुचना प्रवाह गर्न अप्ठ्यारो भईरहेको साथै यस उपमहानगरपालिकासँग उक्त वेबसाइटको सोर्सकोड नभएकाले आफ्नो आवश्यकता बमोजिम वेबसाइटमा परिमार्जन, अपडेट वा कुनै नयाँ फिचर थपेर काम गर्न नसकिने भएकाले उक्त वेबसाइटलाई यथावत रुपमै राखी नयाँ वेबसाइट निर्माण गर्ने निर्णय गरियो।

## निर्णय नं.५

धनगढी उपमहानगरपालिका क्षेत्र भित्रको खुटीया नदीको देहाय बमोजिमको स्थानमा बगर खेती कार्यक्रम संचालनका लागि देहाय बमोजिमको न्यूनतम मूल्य कायम गरी १५ दिने सूचना प्रकाशित गरी ठेक्का प्रक्रिया अगाडी बढाउने गरी कार्य गर्न मिति २०८१।०७।२६ गतेको राजश्व परामर्श समितिको बैठकबाट निर्णय सहित सिफारिस भई आएकोले उक्त निर्णय अनुमोदन गरी राजश्व परामर्श समितिको निर्णय अनुसार कार्य अगाडी बढाउने गर्ने निर्णय गरियो।

| क्र.स. | नदीको नाम | क्षेत्रफल | ठेक्काको नयुनतम रकम बहाल कर सहित |
|---|---|---|---|
| १ | खुटीया नदी ७ | २५ कट्ठा | २५,५००।- |
| २ | खुटीया नदी १२ | १५ कट्ठा | १५,०००।- |
| ३ | खुटीया नदी १५ | २५ कट्ठा | २५,५००।- |

**निर्णय नं.६**

यस धनगढी उपमहानगरपालिकाको वडा नं.१ बनदेवी मन्दिर नजिक रहेको त्रिनगर माध्यमिक विद्यालय, त्रिनगरको जग्गामा सोमवार, बुधवार, बिहीवार र शनिवारका दिन समेत साझदारीमा हाट बजार संचालनका लागि प्रक्रिया अघाडि बढाईदिन हुन भनि त्रिनगर माध्यमिक विद्यालय, त्रिनगरबाट मिति २०८१।०६।२३ गतेको च.नं.३० को पत्र मार्फत अनुरोध भएकोमा ठेक्का लागेको रकममा विद्यालय र उपमहानगरपालिकाको ५०।५० प्रतिशत साझेदारी रहने गरी बार्षिक रू. १२,५०,०००।– (बाह लाख पचास हजार) बहाल कर सहित न्यूनतम मूल्य कायम गरी १५ दिने सूचना प्रकाशित गरी ठेक्का प्रक्रिया अगाडी बढाउने साथै उक्त हाट बजारमा प्रति व्यापारी रू. १००।– (एक सय) प्रति दिनका दरले प्रवेश शुल्क लिने सम्बन्धमा मिति २०८१।०७।२६ गतेको राजश्व परामर्श समितिको बैठकबाट निर्णय सहित सिफारिस भई आएकोले उक्त सिफारिस अनुसार कार्य अगाडि बढाउने र प्रवेश शुल्कको निर्णय अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं.७**

यस धनगढी उपमहानगरपालिका वडा नं.७ को सिमरीया गणैया ताललाई प्रयोगमा ल्याई माछापालन, कृषि तथा पशुपालन व्यवसाय संचालनका साथै पर्यापर्यटन प्रवर्द्धन गर्ने उदेश्यले सम्झौता भएको मितिबाट १० वर्षका लागि प्रत्येक २।२ वर्षमा वृद्धि भएको रकममा नै वृद्धि हुने गरी न्यूनतम बढाबढ अंक तोकी ठेक्का प्रक्रिया अगाडी बढाउने गरी कार्य गर्न मिति २०८१।०७।२६ गतेको राजश्व परामर्श समितिको बैठकबाट निर्णय सहित सिफारिस भई आएकोले उक्त सिफारिस अनुसार कार्य अगाडी बढाउने गर्ने निर्णय गरियो।

| तालको विवरण | वडा न. | कि.न. | क्षेत्रफल वर्ग मि. | ठेक्काका लागि न्युनतम बढाबढ मूल्य बहाल कर सहित |
|---|---|---|---|---|
| सिमरीया गणैया | ७ | ५१ | ०-११-१० | ५०,०००।- |

**निर्णय नं.८**

धनगढी उपमहानगरपालिकाको स्वामित्वमा रहेका ६ वटा बसलाई फुलवारी, चौराहा भन्सार कार्यालय हुँदै अत्तरीया र पुनःत्यही रूटबाट फर्किने गरी एक बस र अर्को बसको छुटने अधिकतम समय १ घण्टा भन्दा बढी नहुने गरी नगर बस सेवा संचालन गर्न ठेकदार पक्षलाई जानकारी गराउनका लागि मिति २०८१।०७।२६ गतेको राजश्व परामर्श समितिको बैठकबाट निर्णय भई अनुमोदनका लागि सिफारिस भई आएकोले राजश्व परामर्श समितिको उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.९**

स्वास्थ्य संस्था दर्ता, नविकरण, स्तरोन्नती तथा सेवा थप सम्बन्धि कार्यविधि, २०७७ अनुसार धनगढी उपमहानगरपालिकाको आर्थिक ऐन, २०८१ मा स्वास्थ्य संस्थाहरूको दर्ता/ईजाजत शुल्क (स्थापना) उल्लेख भएको तर नविकरण अनुमति दस्तुर उल्लेख नभएकोमा आगामी नगरसभाबाट अनुमोदन हुने गरी तपसिल अनुसारको दस्तुर

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

लिई प्रक्रिया अगाडी बढाउन मिति २०८१/०७/२६ गतेको राजस्व परामर्श समितिको बैठकबाट निर्णय सहित सिफारिस भई आएकोले उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिल**

| सि.नं. | विवरण | दर्ता/ईजाजत शुल्क | नविकरण अनुमति दस्तुर |
|---|---|---|---|
| १ | १५ सैया सम्मको अस्पताल | ७५,०००।- | ३७,५००।- |
| २ | स्वास्थ्य क्लिनिक, आयुर्वेद क्लिनिक, सेवारिग्पा (आम्चि), होमोप्याथी क्लिनिक, फार्मेसी, खुद्रा र यस्तै प्रकारका अन्य क्लिनिक | १०,०००।- | ६,०००।- |
| ३ | फिजियोथेरापी केन्द्र,पुनर्स्थापन केन्द्र (मनोसामाजिक), प्राकृतिक उपचार केन्द्र, अकुपंचर, अर्कप्रसर केन्द्र, युनानी उपचार केन्द्र, योग, ध्यान तथा शारीरिक ब्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिक तथा सेवा केन्द्रहरू | १०,०००।- | ५,०००।- |
| ४ | जेरियाटिक परामर्स केन्द्र, जेष्ठ नागरिक सेवा केन्द्र, असहाय सेवा केन्द्र | ५,०००।- | २,५००।- |
| ५ | डी र ई वर्गको प्रयोगशाला | १०,०००।- | ६,०००।- |

**<u>निर्णय नं.१०</u>**

यस उपमहानगरपालिकाको स्वामित्वमा वडा नं.१ पशुपति टोलस्थित पशुपति मन्दिर नजिक त्रिवेणी सडकसँग जोडिएको सि.नं.०२७।०७६९।११ को कि.नं.. १६ को १४ धुर जमिन यस भन्दा अगाडी पार्किङ गर्ने प्रयोजनका लागि मिति २०८१।१।२४ गते खोलिएको सूचना रद्ध गरी नयाँ रूपमा ब्यापारिक प्रयोजनका लागि लिजमा दिन जग्गाको न्यूनतम मासिक लिज रकम रू. ५०,०००।– (पचास हजार) बहाल कर सहित कायम गर्ने र जग्गाको लिज रकम प्रत्येक २।२ बर्षमा १० प्रतिशतका दरले वृद्धि भएको रकममा नै वृद्धि हुने गरी २० वर्षका लागि लिजमा लगाउने कार्यका लागि ठेक्का प्रक्रिया अगाडी बढाउने गरी कार्य गर्न मिति २०८१।०७।२६ गतेको राजश्व परामर्श समितिको बैठकबाट निर्णय सहित सिफारिस भई आएकोले उक्त निर्णय अनुमोदन गरी निर्णय अनुसार कार्य अगाडी बढाउने गर्ने निर्णय गरियो।

**<u>निर्णय नं.११</u>**

यस धनगढी उपमहानगरपालिका क्षेत्र भित्र भएर बग्ने खुटीया, शिवगंगा र मोहना नदी/खोलाबाट नदीजन्य पदार्थ संकलन र उत्खनन गर्न पूर्व गरिने वातावरणीय अध्ययनको (प्रारम्भिक वातावरणीय परीक्षण) प्रतिवेदन, २०८१ प्राविधिक समितिमा छलफल पश्चात परिमार्जित रूपमा पेश भएको प्रतिवेदनलाई आधार मानी ठेक्का प्रक्रिया अगाडि बढाउन मिति २०८१।०७।२६ राजश्व परामर्श समितिको बैठकबाट निर्णय सहित सिफारिस भई आएकोले उक्त निर्णय अनुमोदन गरी निर्णय अनुसार कार्य अगाडी बढाउने गर्ने निर्णय गरियो।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

**निर्णय नं.१२**

यस धनगढी उपमहानगरपालिका क्षेत्र भित्र भएर बग्ने खुटीया, शिवगंगा र मोहना नदी/खोलाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) ले तोकेका १३ वटा घाटगद्दी स्थलहरूबाट आ.व. २०८१।०८२ को बाँकी अवधिका लागि नदी जन्य पदार्थ संकलन उत्खनन गरे वापतको रोयल्टी (विक्री कर) संकलन गर्ने कार्यका लागि आजका मिति २०८१।७।२७ गते सम्म कार्यालय र अमानतबाट उठेको परिमाण गरी जम्मा ३७,२४९ घन मिटर र नयाँ प्रकाशित हुने सूचना देखि कार्यादेश सम्मको अवधि समयलाई गणना गर्दा हुन आउने ५० दिनमा कार्यालयबाट र अमानतबाट उठाउने अनुमानित परिमाण ३७१६२ घन मिटर गरी कुल ७४४१० घन मिटर परिमाण हुन आउने र कुल उत्खनन परिमाण २,८१,२०७ घन मिटरबाट घटाउँदा हुन आउने परिमाण २,०६,७९६ घन मिटरको धनगढी उपमहानगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा १५ सँग सम्बन्धित अनुसूची १३ को दररेट अनुसार हुन आउने कुल रकम भ्याट सहित रू. ४,९५,४०,०७७ (चार करोड पन्चानब्बे लाख चालीस हजार सतहत्तर) लाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ को उपदफा ४ (१) बमोजिम न्यूनतम बढाबढ रकम कायम गरी ३० दिने विद्युतीय बोलपत्र आव्हानको सूचना प्रकाशित गरी ठेक्का प्रक्रिया अगाडी बढाउने गरी कार्य गर्न मिति २०८१।०७।२६ गतेको राजश्व परामर्श समितिको बैठकबाट निर्णय सहित सिफारिस भई आएकोले उक्त निर्णय अनुमोदन गरी निर्णय अनुसार कार्य अगाडी बढाउने गर्ने निर्णय गरियो ।

**तोकिएका घाट स्थलहरू**

वडा नं.२ मोहना, वडा नं.१७ दमौलिया, वडा नं.१७ दिपनगर, वडा नं.१७ भानु मावि नजिक, वडा नं.१५ दोभान, वडा नं.१७ पटेला पुल उत्तर, वडा नं.१७ धनचौरी १, वडा नं.१७ धनचौरी २, वडा नं.१७ धनचौरी ३, वडा नं.१५ बेली पुल उत्तर, वडा नं.१२ बेली पुल दक्षिण, वडा नं.१४ खुटिया गाउँ २, वडा नं.१४ खुटियागाँउ १

**निर्णय नं.१३**

यस उपमहानगरपालिकाको कृषि विकास शाखामा कार्यरत अधिकृतस्तर आठौं तहका कर्मचारी श्री लोक राज उपाध्याय मिति २०८२।०३।१९ गते देखि उमेर हदका कारण अनिवार्य अवकास हुनु हुने भएकोले निज अवकाश भएपछि कायम हुने अधिकृतस्तर सातौं तहको कृषि विकास अधिकृत पदमा कुनै प्रकारको स्थायी पदपूर्ति नहुन्जेलसम्म हाललाई कार्यालयको कामकाज गर्ने प्रणाली सम्बन्धि जानकारी गराउने कार्य र निज कर्मचारीको कार्य अनुभवलाई हस्तान्तरण गर्ने अभिप्रायले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा ३ बमोजिम कृषि विषयमा स्नातकोत्तर अध्ययन गरेका विषयबिज्ञहरुबाट विशेषज्ञ सेवा लिने कार्यका लागि धनगढी उपमहानगरपालिका सेवा करारमा लिने कार्यविधि, २०७५ बमोजिमको प्रक्रिया पुरा गरी सेवा करारमा पदपूर्ति गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.१४**

यस धनगढी उपमहानगरपालिकाको वडा नं.३ चटकपुरमा रहेको नेपाल आयल निगम लिमिटेड, सुदूरपश्चिम प्रदेश, प्रादेशिक कार्यालय, धनगढी, कैलालीको परिसरभित्र ईन्धन भण्डारण गर्ने ट्यांकीहरु रहेकोमा हाल उक्त क्षेत्र यस धनगढी उप- महानगरपालिकाको शहरको मुख्य भागमा पर्ने घना आवादी रहेको शहरी क्षेत्र पर्ने भएको हुँदा कुनैपनि बेला दुर्घटना भएमा ठुलो धनजनको क्षति हुनसक्ने सम्भावना रहेकोले उक्त तेल भण्डारण गर्ने डिपो कार्यालय सो स्थानबाट अन्यत्र सार्न नेपाल आयल निगम लिमिटेड, केन्द्रिय कार्यालय, टेकुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५**

धनगढी उपमहानगरपालिका अन्तर्गतका वडाहरुबाट आ.व. २०८१।०८२ को अवधिमा सञ्चालन हुने तपसिल बमोजिमका योजनाहरु सम्बन्धित वडा समितिको निर्णय सहित संशोधन / परिमार्जन / रकमान्तर / श्रोतान्तर / Variation का लागि सिफारिस भई आएकोमा सिफारिस भई आए बमोजिम नगर प्रमुखस्तरीय निर्णयबाट भएको. योजनाहरुको संशोधन/परिमार्जन/रकमान्तर/श्रोतान्तर/Variation को निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | आ.व. २०८१/०८२ मा छनौट भएका योजनाहरु | परिवर्तन/संशोधन गर्नुपर्ने योजनाहरु | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | पेज नं.१५१, सि.नं.११, ब.ख.शी.नं.२२५२२, धनगढी उप-महानगरपालिका, वडा नं.१ कार्यक्रम खर्च रु. २,००,०००/- | धनगढी उप-महानगरपालिका, वडा नं.१, अतिथि सत्कार तथा विविध खर्च रु.२,००,०००/- | रु. २,००,०००/- | सम्बन्धीत वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं.१३४८,मिति २०८१/०७/१३ गते र प.सं. २०८१/०८२, च.नं.१३७९, मिति २०८१/०७/२१ गतेको पत्र तथा वडा समितिको मिति २०८१/०६/१५ गते र २०८१/०७/२० गतेको निर्णयानुसार। |
| २. | पेज नं.१५३, सि.नं.२६, ब.ख.शी.नं.३११५१, धनगढी उप-महानगरपालिका, वडा नं.१, चन्द्र पालको घर देखि मीना सोबको घर देखि जिल्ला अदालत रोड सडक कालोपत्रे गर्ने काम रु.२०,००,०००/- | धनगढी उप-महानगरपालिका, वडा नं.१, चन्द्र पालको घरदेखि मीना सोबको घर हुँदै जिल्ला अदालत रोडमा दोहोरो पक्की नाली सहितको सडक पानी पिच गर्ने काम रु.२०,००,०००/- | रु.२०,००,०००/- | |
| ३. | पेज नं.१५३, सि.नं.२७, ब.ख.शी.नं.३११५१, धनगढी उप-महानगरपालिका, वडा नं.१, दल बहादुर बोगटीको घर जाने सडक पी.सी.सी.गर्ने काम रु.२,५०,०००/- | धनगढी उप-महानगरपालिका, वडा नं.१, दल बहादुर बोगटीको घर जाने सडकमा कंक्रीट ब्लक बिच्छाउने काम रु.२,५०,०००/- | रु. २,५०,०००/- | |
| ४. | पेज नं.१५२, सि.नं.२२, ब.ख.शी.नं.३११२३, धनगढी उप-महानगरपालिका, वडा नं.१, फर्निचर तथा फिक्चर्स रु.३,०५,०००/- | धनगढी उप-महानगरपालिका, वडा नं.१, फर्निचर, मेसिनरी औजार, सि.सि. क्यामेरा खरिद तथा जडान रु.३,०५,०००/- | रु.३,०५,०००/- | |
| ५. | पेजनं.१६१,सि.नं.३३,ब.ख.शी.नं.३११५९, धनगढी उप-महानगरपालिका, वडा नं.३, विभिन्न मन्दिर ब्लक छाप्ने काम तथा होम कुण्ड निर्माण गर्ने काम रु. २,८५,०००/- | धनगढी उप-महानगरपालिका, वडा नं.३, चण्डेश्वरी मन्दिरलाई रंग रोगन तथा कुर्चीं सहयोग रु. ६०,०००/- | रु. ६०,०००/- | सम्बन्धीत वडा कार्यालयको प.सं. ०८१/०८२, च.नं.१४३१, मिति २०८१/०७/०७ गते र प.सं. ०८१/०८२, च.नं.१६१७, मिति २०८१/०७/११ गतेको पत्र तथा वडा समितिको मिति २०८१/०६/३० गते, २०८१/०७/०६ गते र २०८१/०७/११ गतेको निर्णयानुसार । |
| ६. | | धनगढी उप-महानगरपालिका, वडा नं.३, गणेश मन्दिर विशालनगरलाई ब्लक तथा मार्बल सहयोग रु. ७५,०००/- | रु. ७५,०००/- | |
| ७. | | धनगढी उप-महानगरपालिका, वडा नं.३, शिव मन्दिर बोराडाँडी फाप्ला मार्गमा होम कुण्ड निर्माण रु. ५०,०००/- | रु. ५०,०००/- | |
| ८. | | धनगढी उप-महानगरपालिका, वडा नं.३, डिलासैनी शिवमन्दिर शिवनगरमा मन्दिर घेरबार रु. ७२,२००/- | रु.७२,२००/- | |
| ९. | | धनगढी उप-महानगरपालिका, वडा नं.३, शिव मन्दिर चटकपुरमा रंगरोगन रु. २७,८००/- | रु.२७,८००/- | |
| १०. | पेजनं.१५९,सि.नं.१९,ब.ख.शी.नं.२२५२२, धनगढी उप-महानगरपालिका, वडा नं.३, सरसफाई समितिलाई जरी तथा क्रिष्टल | धनगढी उप-महानगरपालिका, वडा नं.३, युवालाई ड्राइभिङ तालिम रु. ४,००,०००/- | रु.४,००,०००/- | |

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

| क्र.सं. | आ.व. २०८१/०८२ मा छनौट भएका योजनाहरु | परिवर्तन/संशोधन गर्नुपर्ने योजनाहरु | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| ११. | माला बनाउने तालिम, युवालाई ड्राइभिङ तालिम, संगम टोलमा झोला बनाउने तालिम, डिलासैनी टोलमा अचार बनाउने तालिम र वडा भरिमा एड्भान्स कटाई सिलाई तालिम तथा ब्युटीपार्लर तालिमका साथै युवाहरुलाई लागुऔषध सम्बन्धी जनचेतनामूलक कार्यक्रम रु. ७,५०,०००/- | धनगढी उप-महानगरपालिका, वडा नं.३, वडा भरिमा एड्भान्स कटाई सिलाई तालिम तथा ब्युटीपार्लर तालिम रु.१,५०,०००/- | रु.१,५०,०००/- | |
| १२. | | धनगढी उप-महानगरपालिका, वडा नं.३, सरसफाई समितिलाई जरी तथा क्रिष्टल माला बनाउने तालिम रु.५०,०००/- | रु.५०,०००/- | |
| १३. | | धनगढी उप-महानगरपालिका, वडा नं.३, संगम टोलमा झोला बनाउने तालिम रु.५०,०००/- | रु.५०,०००/- | |
| १४. | | धनगढी उप-महानगरपालिका, वडा नं.३, डिलासैनी टोलमा अचार बनाउने तालिम रु.५०,०००/- | रु.५०,०००/- | |
| १५. | | धनगढी उप-महानगरपालिका, वडा नं.३, युवाहरुलाई लागुऔषध सम्बन्धी जनचेतनामूलक कार्यक्रम रु. ५०,०००/- | रु. ५०,०००/- | |
| १६. | पेज नं.१६१, सि.नं.३५, ब.ख.शी.नं. ३११५९, धनगढी उप-महानगरपालिका, वडा नं.३, विभिन्न निकायसँगको साझेदारीका लागि म्याचिङ कोष रु. १४,००,०००/- मध्ये रु. १०,००,०००/- मात्र। | धनगढी उप-महानगरपालिका, वडा नं.३, विभिन्न सडक ग्रेभल गर्ने काम (रोयल्टी, ईन्धन) रु.१०,००,०००/- | रु.१०,००,०००/- | |
| १७. | पेज नं.१६३, सि.नं.११, ब.ख.शि.नं.२२५२२, धनगढी उप-महानगरपालिका, वडा नं.४, टोल विकास संस्था र फोहर व्यवस्थापन समितिलाई अवलोकन भ्रमण गर्ने कार्यक्रम रु.३,००,०००/- | धनगढी उप-महानगरपालिका, वडा नं.४, को वडा कार्यालय र आधारभूत स्वास्थ्य केन्द्रको नवनिर्मित प्रशासनिक भवनको समुद्घाटन समारोह कार्यक्रमको आयोजना गर्दा विविध कार्यमा खर्च भएको रकम रु.३,००,०००/- | ३,००,०००/- | सम्बन्धीत वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं.१०११, मिति २०८१/०७/२५ गतेको पत्र तथा वडा समितिको मिति २०८१/०७/२३ गतेको निर्णयानुसार । |
| १८. | पेज नं.१६३, सि.नं.१५, ब.ख.शि.नं.२२५२२, धनगढी उप-महानगरपालिका, वडा नं.४ मा सरसरफाई कार्यक्रम सञ्चालन तथा आवश्यक सामग्री खरिद गर्ने काम रु. १,५०,०००/- मध्ये रु. १,१६,५८७/- | धनगढी उप-महानगरपालिका, वडा नं.४ को वडा कार्यालय र आधारभूत स्वास्थ्य केन्द्रको नवनिर्मित प्रशासनिक भवनको समुद्घाटन समारोह कार्यक्रमको आयोजना गर्दा विविध कार्यमा खर्च भएको रकम रु.१,१६,५८७/- | १,१६,५८७/- | |
| १९. | पेज नं.१७०, सि.नं.१७, ब.ख.शि.नं.३११५१, धनगढी उंप-महानगरपालिका वडा नं.६, अशोक पन्तको घर जाने सडक कालोपत्रे रु.९,७०,०००/- मध्ये रु.७०,०००/- मात्र। | धनगढी उप-महानगरपालिका वडा नं.६, सानो सिंचाई बोरिङ निर्माण कार्य (अम्लिहान सहित १० घर परिवार) रु. ७०,०००/- | ७०,०००/- | सम्बन्धीत वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं.६९४, मिति २०८१/०६/०९ गतेको पत्र तथा वडा समितिको मिति २०८१/०५/३१ गते र २०८१/०६/०६ गतेको निर्णयानुसार । |
| २०. | पेज नं.१७०, सि.नं.१८, ब.ख.शि.नं.३११५१, धनगढी उप-महानगरपालिका वडा नं.६, बिरबेताल टोल पञ्चकोटी मिल पश्चिम रु.९,००,०००/- | धनगढी उप-महानगरपालिका वडा नं.६, बासुदेवी मा.वि. अगाडिको दक्षिण सडक कालोपत्रे रु.९,००,०००/- | ९,००,०००/- | |

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

| क्र.सं. | आ.व. २०८१/०८२ मा छनौट भएका योजनाहरु | परिवर्तन/संशोधन गर्नुपर्ने योजनाहरु | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| २१. | पेज नं.२००, सि.नं.६, ब.ख.शि.नं.२२३११, धनगढी उप-महानगरपालिका वडा नं.१६, मसलन्द तथा कार्यालय सामग्री रु.५,००,०००/- मध्ये रु.१,३०,०००/- | धनगढी उप-महानगरपालिका, वडा नं.१६, इन्धन खर्च (पदाधिकारी र जेनेरेटर) खर्च रु. १,३०,०००/- | १,३०,०००/- | सम्बन्धीत वडा कार्यालय, वडा समितिको मिति २०८१/०७/१४ गतेको निर्णयानुसार । |
| २२. | पेज नं.२०१, सि.नं.१३, ब.ख.शि.नं.२२५२९, धनगढी उप-महानगरपालिका वडा नं.१६, विविध कार्यक्रम खर्च रु.१,८२,०००/- | धनगढी उप-महानगरपालिका, वडा नं.१६, विविध खर्च रु. १,८२,०००/- | १,८२,०००/- | |
| २३. | पेज नं.२०२, सि.नं.२४, ब.ख.शि.नं.३११५१, धनगढी उप-महानगरपालिका वडा नं.१६, हुम पाइप खरिद रु.२,५०,०००/- | धनगढी उप-महानगरपालिका, वडा नं.१६, नगरपालिका र वडा कार्यालयको लागत साझेदारीमा हुम पाइप खरिद रु.२,५०,०००/- | २,५०,०००/- | |
| २४. | पेज नं.२०१, सि.नं.१२, ब.ख.शि.नं.२२५२२, धनगढी उप-महानगरपालिका वडा नं.१६, , क्रिकेट पूर्वाधार निर्माण तथा खेल सञ्चालन (१२ देखि १६) रु. १,००,०००/- | धनगढी उप-महानगरपालिका, वडा नं.१६, खेलकुद सामग्री खरिद रकम रु.८०,०००/- | ८०,०००/- | |
| २५. | | धनगढी उप-महानगरपालिका, वडा नं.१६, अस्थायी प्रहरी पोष्ट बेहडाबाबा ईन्धन र मसलन्द खर्च रकम रु. २०,०००/- | २०,०००/- | |
| २६. | पेज नं.२०१, सि.नं.१६, ब.ख.शि.नं.२७२१३, धनगढी उप-महानगरपालिका वडा नं.१६, नेपाल रेडक्रसलाई ब्लड बाफतको शुल्क भुक्तानी रु.१,००,०००/- | धनगढी उप-महानगरपालिका, वडा नं.१६, देउडा कार्यक्रम रकम रु.५०,०००/- | ५०,०००/- | |
| २७. | | धनगढी उप-महानगरपालिका, वडा नं.१६, टोल विकास संस्था सरसफाई सामग्री खरिद रकम रु.३०,०००/- | ३०,०००/- | |
| २८. | | धनगढी उप-महानगरपालिका, वडा नं.१६, रेडक्रस सोसाईटी धनगढी कैलाली फर्निचर खरिद रु.२०,०००/- | २०,०००/- | |
| २९. | पेज नं.२०५, सि.नं.२६, ब.ख.शि.नं.३११५९, धनगढी उप-महानगरपालिका, वडा नं.१७, वडा कार्यालयमा फुटपाथ निर्माण रु.६,००,०००/- मध्ये रु.१,००,०००/- मात्र। | धनगढी उप-महानगरपालिका वडा नं.१७, वडा कार्यालय व्यवस्थापनका लागि ए.सी (A.C.) खरिद गर्ने कार्य रु. १,००,०००/- | १,००,०००/- | सम्बन्धीत वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं.३६१, मिति २०८१/०६/२२ गतेको पत्र तथा वडा समितिको मिति २०८१/०६/२० गतेको निर्णयानुसार । |
| ३०. | पेज नं.२०८, सि.नं.३५, ब.ख.शि.नं.३११५९, धनगढी उप-महानगरपालिका, वडा नं.१८, मदन आश्रित उद्यानमा संरचना निर्माण विनियोजित रकम रु.३,००,०००/- | | | |

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

| क्र.सं. | आ.व. २०८१/०८२ मा छनौट भएका योजनाहरु | परिवर्तन/संशोधन गर्नुपर्ने योजनाहरु | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| ३१. | पेज नं.२०६, सि.नं.१०, ब.ख.शि.नं.२२५१२, धनगढी उप-महानगरपालिका, वडा नं.१८, ड्राइभिङ तालिम सञ्चालन विनियोजित रकम रु.७५,०००/- | धनगढी उप-महानगरपालिका वडा नं.१८, विभिन्न सडकमा सेन्सरलाईट जडान रु.७,२५,०००/- | ७,२५,०००/- | सम्बन्धीत वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं.६०९, मिति २०८१/०७/२६ गतेको पत्र तथा वडा समितिको मिति २०८१/०७/२५ गतेको निर्णयानुसार । |
| ३२. | पेज नं.२०६, सि.नं.१६, ब.ख.शि.नं.२२५२२, धनगढी उप-महानगरपालिका, वडा नं.१८, टोलविकास संस्थालाई सरसफाई सम्बन्धी कार्यक्रम विनियोजित रकम रु.१,००,०००/- | | | |
| ३३. | पेज नं.२०६, सि.नं.१७, ब.ख.शि.नं.२२५२२, धनगढी उप-महानगरपालिका, वडा नं.१८, नुकुलीपुर होमस्टे एवं थारु संस्कृति संरक्षण विनियोजित रकमं रु.१,००,०००/- | | | |
| ३४. | पेज नं.२०८, सि.नं.३४, ब.ख.शि.नं.३११५९, धनगढी उप-महानगरपालिका, वडा नं.१८, गौमती पार्कको गेट निर्माण विनियोजित रकम रु.१,५०,०००/- | | | |
| ३५. | पेज नं.२०६, सि.नं.९, ब.ख.शि.नं.२२५१२, धनगढी उप-महानगरपालिका, वडा नं.१८, अर्गानिक खेति कृषक पाठशाला सञ्चालन विनियोजित रकम रु.१,००,०००/- | धनगढी उप-महानगरपालिका वडा नं.१८, चन्द्रोदय मा.वि.को कार्यालय व्यवस्थापन रु.५०,०००/-, चन्द्रोदय मा.वि.मा पुस्तक वितरण रु. ५०,०००/- | १,००,०००/- | |

**निर्णय नं.१६**

यस धनगढी उपमहानगरपालिका अन्तर्गत आ.व. २०८१।०८२ मा तपसिल बमोजिमका योजना संचालन गर्न आवश्यक भई कार्यान्वयन गर्नका लागि ठेक्का प्रक्रिया अगाडी बढाइएको हुँदा भुक्तानी गर्नका निम्न उल्लेखित आवश्यक रकम **भैपरी आउने पुँजीगत खर्च** शिर्षकबाट रकमान्तरण गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

१. Construction of Blacktop Road at Ward No. 15 DSMC रु. ३,०८,०००।-

२. धनगढी उप-महानगरपालिका - धुर्जन्ना चाँदनी पार्क स्थित खुटिया नदीमा तटबन्धन गर्ने कार्य रु. १८,९०,०००।-

३. धनगढी उपमहानगरपालिका गुएही चोक देखि महेनरा सम्म सडकको मिडीयनमा तारजाली लगाउने कार्य रु. ६३,००,०००।-

४. धनगढी उप- महानगरपालिकाको प्रशासनिक भवनको दोश्रो तला भित्र पुननिर्माण गर्ने कार्य रु. १,१५,००,०००।-

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

**निर्णय नं.१७**

यस धनगढी उपमहानगरपालिका अन्तर्गत आ.व.२०८१।०८२ मा तपसिल बमोजिमका योजना संचालन गर्न आवश्यक भई कार्यान्वयन गर्नका लागी खरिद प्रक्रिया अगाढी बढाइएको हुँदा भुक्तानी गर्नका निम्न उल्लेखित आवश्यक रकम **सार्वजनिक सम्पतिको मर्मत तथा निर्माण** शिर्षकबाट रकमान्तरण गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

१. धनगढी उपमहानगरपालिका वडा नं.१ स्थित आन्तरिक मामिला तथा कानुन मन्त्रालय अगाडी सडक पेटीमा ब्लक छाप्ने काम रु. ३,१८,५००।-
२. धनगढी उपमहानगरपालिका वडा नं.१ जिल्ला समन्वय समिति परिसरमा घेरबार निर्माण तथा ब्लक छाप्ने काम रु. ९,५०,०००।-
३. धनगढी उपमहानगरपालिका वडा नं.१ कृषि हाटबजार क्षेत्रभित्र ब्लक छाप्ने काम रु. ५,१९,०००।-

**निर्णय नं.१८**

यस धनगढी उपमहानगरपालिका वडा नं.१६ स्थित ठेक्का न|. 04/DSMC/2078/79 को Construction of RCC Motorable Bridge (Span 1X20) at Sukhai Ghurahi Khola Ward No. 16 Bhada DSMC सम्बन्धी कार्यको लागी श्री तेडी/मित्र जे. भी. धनगढी, कैलाली संग सम्झौता भई मिति. २०७८।०७।१६ गते सम्झौता भई म्याद थप समेत मिति २०८१ असार मसान्त कार्य सम्पन्न गरी सक्नुपर्नेमा हाल सम्म समेत कार्य सम्पन्न नभएको हुँदा उक्त कार्यको लागि २०८१ चैत्र मसान्त सम्मको कार्य प्रगति हेरेर २०८२ असार मसान्त म्याद थप गर्ने र सो समय सम्म कार्य सम्पन्न नभएमा मिति २०८२।०४।०१ गते देखि लागु हुने गरी जरिवाना लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९**

यस धनगढी उपमहानगरपालिका वडा नं.०६ स्थित ठेक्का नं.12/DSMC/2078/79 को Construction of RCC Motorable Bridge (Span 1X20) at Sukuti Nala at ward no. 06 Doghara -Jali DSMC सम्बन्धी कार्यको लागि श्री तेडी/मित्र/तेज जे.भी. धनगढी, कैलाली संग सम्झौता भई मिति २०७८।०७।१५ गते सम्झौता भई म्याद थप समेत मिति २०८१ असार मसान्त कार्य सम्पन्न गरि सक्नुपर्नेमा हाल सम्म समेत कार्य सम्पन्न नभएको हुँदा उक्त कार्यको लागि २०८१ चैत्र मसान्तसम्मको कार्य प्रगति हेरेर २०८२ असार मसान्त म्याद थप गर्ने र सो समयसम्म कार्य सम्पन्न नभएमा मिति २०८२।०४।०१ गते देखि लागु हुने गरी जरिवाना लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०**

यस धनगढी उपमहानगरपालिकाको **"उज्यालो धनगढी"** अभियान अन्तर्गत प्रमुख सडकहरुमा स्ट्रिट लाईट जडान गर्ने बहुबर्षिय कार्यक्रम अन्तर्गत यस बर्ष पालिकाका केही प्रमुख सडकहरु (राजपुर चौक देखि भन्सार सम्मको रिङरोड वडा नं.३, हुलाकी सडक अन्तर्गतको मोहनापुल भन्सार देखि धनगढी गाउँ हुँदै क्याम्पस चौक र बेली बजार हुँदै कनरी देखि फुलवारी सम्म वडा नं.१, २, ७, ८, १४,१५, १८,१९ हसनपुर-स्याउले सडक खण्ड अन्तर्गत हसनपुर देखि धनगढी उ.म.नं.पा को सिमाना सम्म वडा नं.५, ६,११ र कैलाली बहुमुखी क्याम्पस देखि पथरी हुँदै बेहडाबाबा जाने सडक खण्ड वडा नं.७,१७,१६ मा सडकबत्ती जडान गर्नका लागि भ्याट सहित रु. ८८,०१,१९१।४५ (रु. अठासी लाख एक हजार एक सय एकानब्बे पैसा पैचालीस मात्र) लाग्ने रकम धनगढी उप-

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

महानगरपालिका नेपाल विद्युत प्राधिकरण संगको साझेदारीमा Smart Street Light जडान (Matching Fund)" शिर्षकबाट खर्च गर्ने गरी कार्य अगाडी बढाउका लागि भएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१**

यस धनगढी उपमहानगरपालिकाको आ.व.२०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको नगरस्तरीय योजनाको क्र.सं. ४४ मा उप-महानगरभित्रका कालोपत्रे सडक मर्मत गर्ने काम (वडा नं.१० र १२) शिर्षकमा रु. ३,००,००,०००/- (तीन करोड) विनियोजन भएकोमा उक्त रकमबाट वडा नं.१२ ए गाउँ सेन्टरप्लट क्षेत्रमा बहुवर्षीय योजना बनाई शहरी सडक निर्माण गर्न आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.२२**

धनगढी उपमहानगरपालिका क्षेत्र भएर बग्ने खुटिया, मोहना र शिवगंगा नदीबाट वातावरण मैत्री र दिगो रुपमा नदीजन्य पदार्थ उत्खनन् र संकलन गर्न पूर्व गरिने वातावरणीय अध्ययन (प्रारम्भिक वातावरणीय परीक्षण-IEE) को श्री Lakshaya Training and Research Centre Pvt. Ltd. ले मिति २०८०।०५।१२ गते पेश गरेको कार्यसूचीलाई मिति २०८१।०५।१३ गते नगरप्रमुखस्तरबाट स्वीकृत टिप्पणी अनुसार स्वीकृत गरिएको कार्यसूचीको आधारमा गरिएको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन मिति २०८१।०७।१३ गते पेश गरेकोको सन्दर्भमा "धनगढी उपमहानगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७" अनुसार गठित प्राविधिक समितिको मिति २०८१।०७।१३ र २०८१।०७।२५ गतेमा बसेको वैठकको निर्णय र मिति २०८१।०७।२५ गते नगर प्रमुखस्तरबाट स्वीकृत टिप्पणी अनुसार प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३**

यस धनगढी उपमहानगरपालिकामा कार्यरत सब-इन्जिनियर (सहायस्तर पाँचौ) श्री पुष्पा सुवेदी (क.स.नं.२४२२७४) ले मिति २०८१।०७।२० गते बेतलबी अध्ययन बिदा स्वीकृत गरिपाउँ भनी निवेदन पेश गरेको हुँदा निजलाई निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० को नियम ६१ को उपनियम ५ बमोजिम स्वदेशमा अध्ययन गर्न जाने निजामती कर्मचारीलाई अध्ययन बिदा दिन सकिने र उक्त अध्ययन बिदामा बस्ने कर्मचारीलाई तलब सुविधा नहुने व्यवस्था भएकोले निज कर्मचारीलाई मिति २०८१।०८।०९ गते देखि लागु हुने गरी २ (दुई) वर्षको लागि बेतलबी अध्ययन बिदा स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

यस धनगढी उप-महानगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा नयाँ विद्युतीकरण गर्ने कार्यका लागी नेपाल विद्युत प्राधिकरणसँगको लागत साझेदारीका आधारमा (५० प्रतिशत नेपाल विद्युत प्राधिकरण र ५० प्रतिशत धनगढी उप-महानगरपालिकाको लागत साझेदारी) नयाँ विद्युतीकरण कार्य अगाडी बढाउने कार्यका लागि सहमती प्रदान गर्ने निर्णय गरियो ।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

**आजको बैठक अन्त्य गरियो ।**